STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २५ गते मंगलबार ❑ 8 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## ओलीको वक्तव्यको भ्रममा नपर्न खनाल-नेपाल पक्षको अपिल

**पोखरापत्र संवाददाता**
**गण्डकी, २४ जेठ**

नेकपा एमालेका नेता माधवकुमार नेपालले संसद विघटन फिर्ता लिएमा आफूहरुले सर्वोच्च अदालतमा दायर गरेको रिटबाट हस्ताक्षर स्वतः फिर्ता हुने जवाफ दिएका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई २०७५ जेठ ३ पूर्वको स्थितिमा फर्काउन आफू तयार रहेको तर सर्वोच्च अदालतमा दिएको रिटबाट हस्ताक्षर फिर्ता लिन आग्रह गरेका थिए ।

नेकपा एमालेको झलनाथ खनाल-माधव नेपाल पक्षले अध्यक्ष केपी ओलीद्वारा जारी वक्तव्यको बुँदा नं. १ नै पार्टी एकता हासिल गर्नेभन्दा अनेकता सिर्जना गर्नेतर्फ लक्षित देखिएको ठहर गरेको छ। गत जेठ २४ गते सम्पन्न आफू पक्षीय स्थायी कमिटीका पदाधिकारी तथा सदस्यहरुको बैठकको निर्णय सार्वजनिक गर्दै खनाल-नेपाल पक्षले यही बुँदामा, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकीकरण २०७५ साल जेठ ३ गते भएकोले सर्वोच्च अदालतबाट नेकपा (एमाले) पुनर्जीवित हुने फैसला भएकाले जेठ २ गते पूर्वको स्थितिमा पार्टी समग्र रुपमा कायम हुनुपर्छ भन्नुपर्नेमा ३ गते पूर्व भन्दै अल्मल्याउने भाषा प्रयोग भएको बताएको हो । वक्तव्यमा भनिएको छ- नेकपा (एमाले) २०७५ साल जेठ २ गते पूर्वको स्थितिमा कायम हुने कुरा नगरी 'नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटीका सदस्यहरुमध्ये एकताको पक्षमा' उभिएका व्यक्तिहरुलाई आधार मानेर केन्द्रीय कमिटी र स्थायी कमिटीका संरचना गतिशील हुने कुरा गर्दै यथार्थमा पार्टीलाई २०७५ साल जेठ २ गतेको स्थितिमा कायम नराखी आफ्नो गुटगत स्वार्थ अनुरुप हुने कुरा गरिएको छ । यस्तो कुरा पार्टी एकता कायम गर्ने मनसायबाट आएको भन्ने कदापि देखिन्न । यो अस्वीकार्य छ।

खनाल नेपाल समुहले अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकताका नाममा अघि सारेको प्रस्ताव जालझेल, भ्रम र अल्मल्याउने षडयन्त्र भएको प्रस्ट पारेको छ । सो समुहले प्रधानमन्त्री समेत रहेका ओलीको वक्तव्यको भ्रममा नपरी सशक्त रुपमा पार्टीको समग्र एकता, संगठन निर्माण र सञ्चालनको मार्गमा अघि बढ्न पार्टीका नेता कार्यकर्ता, समर्थक र शुभेच्छुकहरुलाई आग्रह समेत गरेको छ। वार्ता, मेलमिलाप र सिद्धान्तनिष्ट एकताको पक्षमा रहेको भन्दै ओलीले प्रतिनिधि सभाको असंवैधानिक विघटनको निर्णयलाई सच्याउनुको साटो सर्वोच्च अदालतमा प्रतिनिधि सभाको पुनःस्थापनाका लागि दायर रिट निवेदनको हस्ताक्षर फिर्ता हुनुपर्ने पूर्वशर्तले ओली एकताको पक्षमा नरहेको स्पस्ट भएको उल्लेख छ । 'हामीले पार्टी एकता, देशमा राजनीतिक स्थायित्व र जनताको हितलाई सर्वोपरि राख्दै सर्वोच्च अदालतको फैसला तथा नेकपा (एमाले) को नवौं महाधिवेशनको निर्णय र पार्टी विधानअनुरुप पार्टी संगठनलाई पूर्ववत् सञ्चालन गरौं भनी राखेको प्रस्ताव अत्यन्त रचनात्मक छ । तर त्यसप्रति केपी शर्मा ओलीको सकारात्मक दृष्टिकोण र व्यवहार रहेको पाइएन । अहिले उहाँबाट भनिएको 'रचनात्मक योगदान' सर्वप्रथम उहाँबाटै आरम्भ हुनु उपयुक्त हुनेछ', विज्ञप्तिमा भनिएको छ।

## स्याङ्जाको भीरकोटमा मिनी अक्सिजन प्लान्ट निर्माण

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २४ जेठ**

राष्ट्रिय आविष्कार केन्द्र नेपाल र भीरकोट नगरपालिकाको संयुक्त लगानीमा मिनी अक्सिजन प्लान्ट निमार्ण गरिएको छ।

कोरोना संक्रमणको महामारीमा संक्रमितलाई अक्सिजनको आवश्यकतालाई मध्यनजर गरेर आविष्कार केन्द्र र भीरकोट नगरपालिकाको संयुक्त लगानीमा मिनी अक्सिजन प्लान्ट निमार्ण गरिएको हो । अक्सिजनको अभावमा संक्रमितहरुको मृत्युवरण गरेको खबरहरु बाहिर आएका बेला भीरकोटमा निर्माण भएको अक्सिजन प्लान्टले अब स्याङ्जावासीलाई सहज हुने बताइएको छ। सोमबार एक कार्यक्रमका बिच आविष्कारको टोलीले नगर प्रमुख छायाराम खनाललाई उक्त प्लान्ट हस्तान्तरण गरेको छ । एक पटक १२ जनालाई अक्सिजन दिन मिल्ने गरी निर्माण गरिएको प्लान्ट करिव २० लाखको लागतमा सम्पन्न भएको नगरप्रमुख खनालले बताए।



नेपालमै पहिलो पटक परिक्षणका रुपमा आविष्कार केन्द्रले निमार्ण गरेको यो प्लान्ट सफल भएको बताएको छ । राष्टिजष्य आविष्कार केन्द्रका मेकानिकल इन्जिनियर रितेश देवले काठमाण्डौमा यसको अनुसन्धान गरेको प्लानलाई भीरकोट नगर अस्पतालमा परिक्षण गर्दा सफलता हासिल गरेको बताए। अब नेपालले अक्सिजन उत्पादनमा कुनै समस्या झेल्न नपर्ने बताउदै इन्जिनियर देवले देशका जुनसुकै भागमा यो प्लान्ट निमार्ण गर्न सकिने बताए । लागतको रुप भने फरक फरक हुने भन्दै इन्जिनियर देवले अहिले सम्म गरेको अनुसन्धानले २५ देखि ३० जना सम्मलाई यो प्लान्टले एकै पटक अक्सिजन दिन सकिनेगरी बनाउन मिल्ने बताए।

अहिले भीरकोटमा एक मिनटमा १२ जनालाई ५, ५ लिटरका दरले अक्सिजन दिन मिल्ने उनको भनाई छ । यसका लागि ७ वटा अक्सिजन जेनेरेटर जडान गरिएको छ । १० लिटर अक्सिजन उत्पादन गर्ने ६ ओटा र ५ लिटर अक्सिजन उत्पादन गर्ने १ गरी ७ ओटा अक्सिजन जेनेरेटरले एक मिनटमा ६५ लिटर अक्सिजन उत्पादन हुने उनले जानकारी दिए । अविष्कारका १० जना टोलीले दुईदिनमै यो प्लान्ट बनाउन सफल भएका छन् । अहिले निर्माण भएको मिनी अक्सिजन प्लान्ट विद्युत अवरुद्ध भएपनि दुईघण्टा सम्म काम गर्ने क्षमताको रहेको छ । भीरकोट नगर अस्पतालमा यो प्लान्ट बनेपछि अब जिल्लाका सबै नागरिकलाई अक्सिजनको साहयता लिएर बाँच्न सहयोग पुग्ने बताइएको छ।

भीरकोट नगर प्रमुख खनालले कोरोना संक्रमणबाट निसास्सीएको स्याङ्जालाई राष्टिजष्य आविष्कार केन्द्रका प्रमुख महाविर पुनको पहलमा निमार्ण भएको अक्सिजन प्लान्टले जिल्लावासीको ज्यान बचाउन गरेको सहयोग प्रति आभार व्यक्त गरे । जुनसुकै पालिकाका नागरिकले सेवा लिन पाउने बताउदै नगर प्रमुख खनालले यो प्लान्ट सफल भएमा ९८ शैया रहेको अस्पतालमा सबै शैयामा पुग्ने गरी प्लान्ट बढाउन सकिने बताए । जिल्लामा अक्सिजनको आवश्यकता परेका बिरामी पोखरा रिफर गर्दै आएको थियो । अब जिल्लामै अक्सिजन सहितको अस्पताल भएपछि पोखरा र पाल्पा जान नपर्ने भएको खबरले स्थानीयमा उत्साह थपिएको छ। गण्डकी प्रदेश नेपाली काँग्रेसका संसदीय दलका उपनेता मेखलाल श्रेष्ठले स्थानीय सरकारको पहलमा बनेको यो प्लान्टको स्वागत गरेका छन् । यो महामारीमा राजनीति भन्दा माथी उठेर सेवाभाव गर्नुपर्ने बताउदै प्रदेश सांसद श्रेष्ठले संघिय सरकार र प्रदेश सरकारले यो प्लान्टका लागि आर्थिक सहयोग गर्न आग्रह गरे।

हस्तान्तरण कार्यक्रममा वालिङ नगर उपप्रमुख कल्पना तिवारी, अर्जुनचौपारी गाँउपालिका प्रमुख दिर्घनारायण अर्याल, अस्पताल संचालक समितिका अध्यक्ष तोयनाथ अर्याल, भीरकोट नगरका प्रवक्ता दिपेन्द्र क्षेत्री, प्रमुख प्रशासकिय अधिकृत खुमलाल भुषाल, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, भीरकोट नगरपालिकाका योजना शाखा प्रमुख यामप्रसाद रेग्मी लगायतका बक्ताहरुले यो महामारीमा भीरकोट नगरपालिकाले मिनी अक्सिजन प्लान्ट निर्माण गरेकोमा धन्यवाद दिएका थिए।

## हावाहुरीका कारण मकै बालीमा क्षति

**पोखरापत्र संवाददाता**
**गण्डकी, २४ जेठ**

हावाहुरीसहितको पानीका कारण पोखरा र आसपासका क्षेत्रका मकैबालीमा क्षति पुगेको छ।

सोमबार दिउँसो ४.३० बजेको समयमा एकाएक आएको ठूलो हावाहुरीसहितको पानीका कारण पोखरा महानगरपालिका वडा नं ३२ गगनगौंडा, बेलबुटे, मालमुल, राजाको चौतारा, वडा नं ३३ को बागमारा, लामगादी, पुडीटारलगायतका स्थानका मकै बालीमा क्षति पुगेको स्थानीयवासी भक्तिराम सुवेदीले जानकारी दिए । आइतबार पनि हावाहुरीका साथ पानी आउँदा मकै भाँचेकामा आजको पानीले थप क्षति पुऱ्याएको उनले बताए । मकै लगाउने बेलामा खडेरी परेर समस्यामा परेका कृषकहरू पछिल्ला केही दिन यता दिउँसो ४.०० बजेपछि हावा हुरी सहितको पानी आउन थालेपछि लगाएको बाली पनि जोगाएर खान मुस्किल भएको बताउँछन् । हावाहुरीले भर्खरै लहरिँदै गरेका लहरे तरकारी बालीमा पनि क्षति पुऱ्याएको कृषकहरूको गुनासो छ।

## "हुनेले दिएर जाऊ, नहुनेले लिएर जाऔं" अभियानबाट ११ सय बढीले लिए सेवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञाले समस्यामा परेका व्यक्तिहरुको गर्जो टार्ने लायन्स क्लब अफ पोखरा अभियानद्धारा शुरु गरिएको "हुनेले दिएर जाऊ नहुनेले लिएर जाऔ" अभियानको सातौंदिनसम्म ११ सय बढीले सेवा लिएका छन् ।




पोखराको विपी चोक स्थित चिप्लेढुंङ्गामा सञ्चालन भइरहेको खाद्य बैंकमा चामल, दाल, तेल, नुन, चना लगायत सामाग्री छन् । अहिलेको विषम परिस्थितीले खाद्य समस्यामा परेका व्यक्ति, अलपत्र बटुवा लगायतकालाई लक्षित गरि अभियान शुरु गरिएको पोखरा अभियानका संस्थापक अध्यक्ष विनोद ढुगांनाले जानकारी दिए । "हामीले जेठ १६ गतेदेखी अभियानमा शुरु गरेका हौं, शनिबार सेवा बन्द रहन्छ, अहिलेसम्म ११ सय १५ जनाले सेवा लिनुभएको छ ।" उहाँका अनुसार क्लबले राहत कोष मार्फत संकलित रकमबाट शुरुमा २० हजारबाट सो अभियान शुरु गरेको हो । अहिले लायन्स क्लबका सदस्य एवम् गैह्र सदस्यहरुले स्वतस्फूर्त सहयोग गर्दै आएका छन् । हालसम्म करिब चारलाख बढीको राहत सामग्री वितरण भइसकेको उनले जानकारी दिए।

विहान ६ बजेबाट ९ बजेसम्म सञ्चालन गरिएको सो अभियानमा दैनिका १३० देखि माथि १६५ सम्म खाद्या सामग्री लिन आउने गरेको अभियान कार्यक्रमका संयोजक मातृका पोखरेल जानकारी दिए । "हामीले नाम टिपाउँछौ, सकेसम्म दिन दिनको लागि भनेर सामान लैजान भन्छौ, उहाँहरुले आफ्नो परिवारको सदस्य संख्या र आवश्यक खाद्य सामग्री लिएर जाने गर्नुहुन्छ।" त्यसरी आउने केही व्यक्ति दैनिक दोहोरिने गरेको उनको भनाइ छ । पोखरेलका अनुसार यो अभियानलाई निरन्तर रुपमा निषेधाज्ञा जारी रहेसम्म सूचारु गरिने छ।

## गण्डकी प्रदेशमा ७९१ संक्रमित, १७ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १६५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कास्कीमा ८७ जना पुरुष तथा ७८ जना महिला गरी १६५ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा २ हजार ४१५ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ७९१ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका १६५ सहित म्याग्दीका २६ जना, पर्वतका २९ जना, गोरखाका १९६ जना, लमजुङका ६७ जना तनहुँका ७० जना, बाग्लुङका ५७ जना, स्याङ्जाका ५६ जना र नवलपुरका १२५ जना गरी प्रदेशका ९ जिल्लामा ३९७ पुरुष तथा ३९४ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४७ हजार २९१ पुगेको छ। पछिल्लो २४ घण्टामा १५३० जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३८ हजार ६६ पुगेको छ । पोखराका अस्पतालहरुमा उपचाररत १२ जनासहित गण्डकी प्रदेशका थप १७ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७७९ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ६ जना, स्याङ्जा जिल्लाका १ जना, पर्वत जिल्लाका २ जना, बाग्लुङ जिल्लाका १ जना, म्याग्दी जिल्लाका १ जना, तनहुँ जिल्लाका १ जना, लमजुङ जिल्लाका १ जना र नवलपुर जिल्लाका ४ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

## संक्रमित भन्दा निको हुने दर उच्च हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

कोरोना नियन्त्रण तथा रोकथामका लागि जारी निषेधाज्ञा तथा कोरोना परीक्षको दायरा वृद्धिभएसँगै पछिल्लो दिन सङ्क्रमित भन्दा निको हुनेदर उच्च हुँदै गएको छ।

पछिल्लो २४ घण्टामा चार हजार ४७२ मा सङ्क्रमण पुष्टि भएको छ भने ६ हजार ९५१ सङ्क्रमित निको भएका छन् । सोमबार १७ हजार ९०७ मा कोरोना परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। देशभरका विभिन्न प्रयोगशालामा पिसिआर १२ हजार ००२ र एन्टिजेन ५ हजार ९०१ परीक्षण गरिएको थियो । सोही अवधिमा कोरोनाबाट ९२ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।



# स्याङ्जामा निषेधाज्ञा थप, जेठ ३१ गतेसम्म जारी रहने

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २४ जेठ**

कोरोना संक्रमणको दर ग्रामिण क्षेत्रका बस्तीमा बढ्दो रुपमा देखिएपछि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले एक साताका लागि निषेधाज्ञा थपेको छ।

संक्रमण न्युनिकरणको एक मात्र उपाय भनेको निषेधाज्ञा नै सवल पक्ष रहेको भन्दै प्रशासनले जेठ ३१ गते सम्मका लागि बढाएको हो । बैशाख २१ गतेदेखि शुरु गरेको निषेधाज्ञा जेठ ३१ गते सम्म लम्वाएको छ । प्रशासनले थपेको निषेधाज्ञा यो चौथो पटक हो । जेठ २५ गते सम्मका लागि जारी गरिएको निशेधाज्ञालाई बढाएर जेठ ३१ गते सम्म पऱ्याइएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ। निषेधाज्ञामा कुनै नयाँ निर्देशन नआएपनि सो अवधीमा राजश्व संकलन, विपद् व्यवस्थापन र सरकारी कामकाजका लागि बाहेक बैंकिङ्ग सेवा समेत पूर्ण रुपमा बन्द गरिने भएको छ। बैकिङ्ग सेवा बन्द भएपनि एटिएम सेवा भने सुचारु राखिने छ । थप गरिएको निषेधाज्ञालाई कडाईका साथ लागु गरिने दावी प्रशासनले गरेको छ।

औषधीजन्य सामग्री बाहेक खाद्यान्नजन्य सामग्री खरिदका लागि बिहान ५ बजेदेखि ९ बजेसम्म मात्रै खुल्ला राखिने निर्णय भएको प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले हस्ताक्षर गरेको जारी आदेशमा उल्लेख गरिएको छ । अत्यावश्यक काममा बाहेक घरबाट ननिस्कन समेत प्रशासनले आग्रह गरेको छ। कोरोनाको दोस्रो लहर चलेसँगै जिल्लामा हालसम्म ९३ ज्यान गुमाएका छन भने दुई हजार छ सय ६३ जना संक्रमित मध्ये एक हजार दुई सय ९३ सक्रिय संक्रमित रहेका छन्। अहिले सम्म १ हजार २ सय ६० कोरोना जितेर निको भएका छन्। जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाका अनुसार होम आइसोलेनमा १ हजार १ सय ९० जना, आइसोलेसन सेन्टरमा ३७ जना र विभिन्न स्वास्थ्य संस्थामा ६६ जनाको उपचार भइरहेको जनाएको छ । सक्रिय संक्रमित र निको हने संक्रमित बराबरीको हाराहारीमा आएकाले अब केही हदसम्म संक्रमण न्युनिकरण हुनेमा विश्वास व्यक्त गरिएको छ।

# पोखरा महानगरपालिका वडा नं. १३ का ११ टोलमा माक्स सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**



ट्रेजर लाउण्ड एण्ड बारको सहयोग तथा पोखरा १३ नेपाली कांग्रेसका ४ युवा नेताहरुको पहलमा पोखरा साविक आर्वा बिजय गाविस हाल महानगरपालिका नगरपालिका वडानं १३ का ११ वटा टोल बिकाश संस्था मा माक्स बितरण गरिएको छ।

पोखरा १३ आर्वा का ११ वटै टोलमा प्रति टोल ५ सय पीस का दरले माक्स बितरण गरिएको ट्रेजर लाउण्ड एण्ड बारका सञ्चालक एवं नेपाली कांग्रेस कास्की का युवा नेता किरण बराल ले जानकारी दिए। सो समुह मा तरुण दल कास्कीका जिल्ला सदस्य मधु श्रेष्ठ,नेपाली कांग्रेस पोखरा १३ का युवा नेता तथा व्यवसायी रबि बराल तथा काग्रेस पोखरा १३का युवा राजकुमार बरालको सहभागिता रहेको थियो । कोरोना महामारी का बेला सबै जनता लाई सुरक्षित राख्न हाम्रो यो सानो सहयोगले ठूलो भुमिका खेल्नेमा हामी विश्वस्त छौं बरालले जानकारी गराए।उनीहरुले ११ वटै टोलमा पुगी टोलका अध्यक्ष एवं प्रतिनिधिहरु लाई सो माक्स हस्तान्तरण गरेका हुन् । आर्वाका नवदुर्गा, गाईपानी उपल्लोगाउँ, छापाको चौतारा, अर्ध नागेश्वर, लक्ष्मी नारायण, मोहरपानी आदर्श, अमलाचौर चापडाँडा, कसेरी डुम्रीबोट, साभा, पाटनबेशी ,तथा मुल टोल बिकाश समितीमा पुगी माक्स सहयोग गरियको हो।

यस अघि सो समुह ले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा कोरोनाको उपचारमा खटियका चिकित्सक तथा स्वास्थ्य कर्मीलाई मिनिरल वाटर तथा जुस सहयोग गरेको थियो । यो महामारी को समयमा आँफु बचौं र अरुलाई पनि बचाऔं भन्ने पवित्र उद्येश्यले आफ्नो निजी खर्च मा यस प्रकारको सहयोग गरियको तथा आउँदा दिनमा पनि सहयोग गर्दै जाने संयोजक किरण बरालले जानकारी दिए।

# निषेधाज्ञाले पाठ्यपुस्तक जिल्लामा पठाउन समस्या

**पोखरापत्र संवाददाता**
**गण्डकी, २४ जेठ**

कोरोना महामारी रोकथामका लागि निषेधाज्ञा जारी भएका कारण नयाँ शैक्षिकसत्रका लागि गण्डकी प्रदेशका जिल्लाहरुमा पर्याप्त पाठ्यपुस्तक पुगेको छैन।

प्रदेशका हिमाल पारीका जिल्ला मनाङ र मुस्ताङमा त फागुनमा नै नयाँ शैक्षिकसत्र शुरु हुने भए पनि महामारीका कारण अझै ती जिल्लामा पुस्तक पुग्न सकेको छैन । महामारीका कारण शैक्षिकसत्र सुरु भएको चार महिना पुग्न लाग्दा पनि हिमाली जिल्लामा पठनपाठन प्रभावित भएको छ।

गण्डकी प्रदेशभित्रका सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण गर्दै आएको जनक शिक्षा समाग्री केन्द्रको पोखरास्थित प्रादेशिक कार्यलयमा सबै कक्षाका पाठ्यपुस्तक भण्डार कक्षमा आइसके पनि बाहिरी जिल्लामा भने हालसम्म नगएको कार्यालयका वरिष्ठ सहायक शिवविलास पौडेलले जानकारी दिनुभयो । कार्यालयले नवलपुरबाहेक प्रदेशका १० वटै जिल्लामा सामुदायिक विद्यालयका पुस्तक वितरण गर्दै आएको छ। हिमाली जिल्ला बाहेक प्रदेशका अन्य जिल्लाका सामुदायिक विद्यालयमा आगामी असार १ गतेदेखि वैकल्पिक माध्यमबाट नयाँ शैक्षिकसत्र शुरु हुँदैछ।

# प्रधानन्यायाधीश अस्वस्थ: बसेन संवैधानिक इजलास

**रासस**
**काठमाडौं, २४ जेठ**

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको स्वास्थ्यमा समस्या देखिएपछि प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको सुनुवाइ आज नहुने भएको छ।प्रधानन्यायाधीशका अध्यक्षतामा संवैधानिक इजलासमा सुनुवाइ हुने संवैधानिक व्यवस्थानुसार उहाँको अनुपस्थितिमा इजलास सञ्चालन हुँदैन।

सर्वोच्च अदालतका प्रवक्ता देवेन्द्र ढकालका अनुसार प्रधान्न्यायाधीश राणा बिसन्चोका कारण आज अदालतमा आउनुभएको छैन। त्यसैले संवैधानिक इजलासमा सुनुवाइ स्थगन भएको छ । प्रधानन्यायीश राणासहित वरिष्ठतम न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलास आइतबार गठन गरी सुनुवाइ शुरु गरेर हेर्दाहेर्दैमा आजका लागि राखिएको थियो।

इजलास गठनकै विवादमा विवाद भएपछि विषयवस्तुमा केन्द्रित भएर अहिलेसम्म सुनुवाइ प्रारम्भ हुन सकेको छैन । उक्त विवादमा ३० वटै रिट निवेदन परेका छन्। मन्त्रिपरिषद्को यही जेठ ८ को सिफारिसमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिको जेठ ८ गतेको निर्णय बदर गरेर असंवैधानिक र गैरकानूनी घोषणा गर्ने माग ती निवेदनमा गरिएको छ।

# विपक्षी गठनबन्धनका नेताबीच भेटवार्ता

**रासस**
**काठमाडौं, २४ जेठ**

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एमाले) बाट निष्कासित नेता माधवकुमार नेपालबीच पछिल्लो राजनीतिक विषयमा छलफल भएको छ।

सभापति देउवा निवास बूढानिलकण्ठमा सोमबार भएको भेटवार्तामा उनीहरुबीच प्रदेश नं २ र सुदूरपश्चिम प्रदेश सरकार पुनःगठनलगायत समसामयिक राजनीतिक विषयमा छलफल भएको सभापति देउवाका स्वकीय सचिव भानु देउवाले जानकारी दिए । पछिल्लो समय विपक्षी दलहरुको गठबन्धनले केन्द्र र प्रदेशमा आफ्नो सरकार गठनका लागि विभिन्न गृहकार्य गर्दै आएका छन्।

# विवेकशिल साझा पार्टीले पोखरामा खाद्य सामाग्री वितरण गऱ्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

विवेकशिल साझा पार्टी कास्की, कोभिड रेस्पोन्स टिम, पोखरा महानगर कमिटिको संयोजनमा पोखरामा रहात वितरण गरिएको छ । अपाङ्गता भएका १९ परिवार र सुकुम्बासी बस्तीमा रहेका ११ परिवारलाई सोमबार राहत स्वरुप खाद्य सामाग्री वितरण गरिएको कार्यक्रम संयोजक कृष्ण भुजेलले बताए।

कोरोनाले गर्दा पोखरामा समेत हाल निषेधाज्ञा भएको अबस्थामा अपाङ्गता भएका र सुकुम्बासी बस्तीमा केही घर परिवारमा खाद्य सामाग्री अभाव भएकोले आफुहरुले राहत सामाग्री वितरण गरिएको भुजेलले जनाए । खाद्य सामाग्री चामल, तेल, तरकारी, दालको साथमा जनही नगद ५ सय रुपैया समेत प्रदान गरिएको थियो।

# नेविसंघबाट कोभिड उपयोगी स्वास्थ्य सामाग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २४ जेठ**



कोरोना संक्रमणले थलिएका स्थानीयतह लाई नेपाल विद्यार्थी संघले कोभिड उपयोगी स्वास्थ्य सामाग्री वितरण गरेको छ।

कोभिड १९ विरुद्धको लडाईमा नेपाल विद्यार्थी संघको साथप्र अभियान अन्तर्गत गल्याङ नगरपालिकालाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको हो। हरेक विपद्मा सहयोगी बन्दै आएको काँग्रेसको भातृ संगठन नेविसंघ कोरोना संक्रमणको माहामारीमा पनि स्वास्थ्य सामाग्री उपलब्ध गराएर सहयोगी भावना साटेको छ । नेविसंघका पुर्व केन्द्रीय सदस्य गुरुप्रसाद भ'राईको पहलमा नेविसंघका केन्द्रीय महासचिव युवराज पाण्डेको सक्रियतामा गल्याङ नगरपालिकालाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको थियो । नगर प्रमुख भुपराज अधिकारीले यो स्वास्थ्य संकटमा युवा विद्यार्थीहरुको साथ र सहयोगको आवश्यकता रहेको भन्दै यसको निरन्तरताको आवश्यकता रहेको बताए । विद्यार्थी समाजका कर्णधार भएको संज्ञा दिदै नगर प्रमुख अधिकारीले यो संकटमा राजनीति भन्दा माथी उठेर सामाजिक सेवाभावमा रहन सबै पक्ष सगँ आग्रह गरे।

स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस गल्याङ्का नगर सभापति एव ने.का. महासमिति सदस्य श्याम प्रसाद बस्याल, ने.का. महाधिवेशन प्रतिनिधि महेन्द्र श्रेष्ठ, गल्याङ् नपाका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्मा, नेपाली कांग्रेस महिला विभाग सदस्य खगिसरा भण्डारी, गल्याङ- ३ का वडा अध्यक्ष महेश भट्टराई, नेपाल तरुण दल स्याङ्जाका सचिव चन्द्र राना, नेपाली कांग्रेस गल्याङ-४ का वडा सभापति ढाकाराम न्यौपाने, नेपाल तरुण दल गल्याङ्का अध्यक्ष कृष्ण भट्टराई, ने.वि.संघ पाल्पाका सचिव सुभाष गैह्रे लगायतको सहभागितामा सामाग्री हस्तान्तरण गरिएको नेविसंघले जनाएको छ। पल्स अक्सिमिटर -३ थान, पि पि ई-७ सेट, डिजिटल थर्मोमिटर तीन थान, फेस सिल्ड-१५ थान, गगल्स-५ थान, के.एन र सर्जिकल मास्क गरी-८०० पिस, कोभिडसंग सम्बन्धीत औंषधीहरु -१ कार्टुन लगायतका कोभिड १९ का लागि उपयोगी सामग्रीहरु उपलब्ध गराएको छ।

पूर्व नेविसंघ केन्द्रीय सदस्य तथा काँग्रेस महाधिवेसन प्रतिनिधि गुरु भ'राईले स्वास्थ्य संकटमा कुनै पनि नागरिकले उपचार नपाएर मर्न बाध्य हुने समस्या सिर्जना नगर्न नेपाल सरकार र स्थानीय सरकार सगँ अनुरोध गरे । यसका लागि नेविसंघ जस्तोसुकै सहयोग गर्न तयार रहेको भन्दै सरकार सगँ यो विपद्मा हातेमालो गर्न तयार रहेको भ'राईले बताए।

कोरोना संक्रमितको संख्यामा न्युन रहेपनि निधन हुने संख्यामा भने जिल्लाका ११ पालिका मध्ये गल्याङ् अगाडी भएकाले नेविसंघले पहिलो प्राथामिकता दिएर कोभिड उपयोगी सामाग्री वितरण गरेको जनाएको छ।





## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धन झुल्ने सहेंलाका फाँटमा अब कागती

–तारानाथ आचार्य
बागलुङ, २४ जेठ (रासस)

एक वर्षअघि पहिलो चरणका बिरुवा लगाउँदा छिमेकीले जग्गा बाँझो बनाए भनेर गाली गरे । वर्षाका समयमा धान र हिउँदमा मकैको राम्रो उत्पादन हुने खेतमा अहिले कागतीका विरुवाले मुना हाल्न थालेका छन् । पोहोर साल जग्गा बँझाए भनेर गाली गर्नेहरू अहिले आसपासको जग्गा थप गरेर कागतीको खेती विस्तार गर्न सुझाउँछन् । व्यवसायिक कागती खेतीमा लागेका किसानले भने छिमेकीका कुराभन्दा आफ्नो समूहको योजना अनुसार काम गरिरहेका छन् ।

बागलुङ नगरपालिका १४ अर्माहाका किसानले झण्डै साढे दुई सय रोपनी जग्गा एकीकृत गरी व्यवसायिक खेती शुरुआत गरेका थिए । यस वर्ष पनि यसलाई थप विस्तार गर्ने जनाएका छन् । चासो कृषक समुहमा आबद्ध ६२ किसान कागतीको खेती विस्तार र स्याहारमा दत्तचित्तले लागिरहेका छन् । उनीहरूले खेती थालेको जग्गा भने बागलुङ-१२ सहेंलाको फाँटमा पर्छ ।

गतवर्ष लगाएका दुई हजार कागतीका बिरुवा राम्रोसँग हुर्किन थालेपछि यस वर्ष किसानले थप दुई हजार बिरुवा लगाउने भएका हुन् ।"हाम्रो योजना ६ हजार बिरुवा ३ सय रोपनी जग्गा पुऱ्याउने हो," समूहका अध्यक्ष केशव सुवेदीले भन्नुभयो, "एकै पटक लगाउँदा बिरुवामा क्षति हुन सक्छ, तीन वर्षमा योजना अनुसारको काम सकिन्छ ।" सुन कागती-२ जातको कागती उनीहरूले लगाएका छन् । सहेंलामा खेतीयोग्य जमिन रहेका किसानलाई सेयर सदस्य बनाएर किसान समूह बनेको छ । यहाँ सो खेतीका लागि किसानले ५० लाख बढी लगानी गरिसकेका छन् ।

"उहाँहरूको उत्साह र मेहेनत निकै राम्रो छ, यो समुहमा भएको खेती अरु किसानका लागि नमुना हुन सक्छ," नगर प्रमुख जनकराज पौडेललेभन्नुभयो,"सरकारीसहयोग किसानलाई भइरहेको छ र रहन्छ ।" पाँच वर्षमा उत्पादन लिने किसानको योजना छ । यस वर्षपनि थपिने दुई हजार विरुवा सुन कागती-२ जातकै हो । एक करोड लगानी गर्ने योजना बनाएका किसानले प्रदेश र स्थानीय सरकारबाट झण्डै रु २० लाख अनुदान पाएका छन् ।

"एउटा बोटमा चालिस किलोसम्म फल्छ, हामीले बिक्री गर्दा सय रुपैयाँ सम्ममा बिक्री गर्न सकिएला," अध्यक्ष सुवेदी भन्नुहुन्छ, "विरुवा बयस्क हुँदा सिजनमा एक करोड ६० लाख आम्दानी गर्ने योजना छ ।" एक रोपनी जग्गाको वार्षिक ५ हजार भाडा उपलब्ध गराउने गरी जग्गा एकिकृत गरिएको हो । पाँचवर्षसम्म किसानले पाउने जग्गाको भाडाबापतको रकम शेयर रकममा परिणत हुने समूहले जनाएको छ ।

# मध्यपहाडी लोकमार्ग अन्तर्गत बिहुँ खण्डमा कालोपत्रे

पोखरापत्र संवाददाता
बागलुङ, २४ जेठ

कोरोना कहरका बीच पनि मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ खण्डमा भने निर्माणको धमाधम काम भइरहेको छ । पाँच वर्षअघि कालोपत्रे गर्ने भनिएको बागलुङ जिल्ला सदरमुकामदेखि घोडाबाँधेसम्मको २५ किलोमिटर सडक खण्डमा केही दिनयता परिणाम देखिने गरी धमाधम काम भइरहेको छ । ट्र्याक खुलेको २५ वर्षपछि उक्त सडक खण्डमा कतै कालोपत्रे त कतै पूर्वाधारको काम भइरहेको छ ।

कोरोना कहरमा समेत सरकारले ठूला विकास आयोजनालाई निरन्तरता दिने भनेपछि लोकमार्गमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर धमाधम काम भइरहेको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतले जनाएको छ । अहिले बागलुङ खण्डको घोडाबाधे बिहुँमा सडक धमाधम कालोपत्रे भइरहेको छ भने सदरमुकाम खण्डमा कालोपत्रेका लागि पूर्वाधार, नाली, ग्याविनका साथै ग्राभेलको काम भइरहेको छ ।

आयोजनाले कामदारलाई स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर काम गरिरहको मध्यपहाडी लोकमार्गका साइड इन्जिनीयर उज्वल शर्माले जानकारी दिनुभयो । लामो समयदेखि अलपत्र पर्दै आएको लोकमार्ग कोरोना कहर र रोकथामका लागि जारी निषेधाज्ञा जारी भइरहेको सन्दर्भमा सडक निर्माणले गति लिएको छ । अहिले बिहुँको घोडाबाधे स्थित गणेशनाथ घुम्तीबाट जिल्ला सदरमुकामतर्फ झण्डै एक किलोमिटर सडक कालोपत्रे भइसकेको छ ।

बागलुङ सदरमुकाम खण्डमा अहिले दैनिक एक सय मजदूर तथा ५० ट्रिपर परिचालन छ । अहिले रात दिन सडक कालोपत्रेका लागि कच्चा सामग्री बिछ्याउने कार्य भइरहेको छ । लोकमार्गको उपल्लाचौरदेखि बोक्सेसम्म कालोपत्रेकालागिलगभगसडकतयार भइसकेको छ । "अहिले लोकमार्गमा निकै प्रगति देखिएको छ, निर्माण व्यवसायीलाई तिरन्तरको ताकेता र जनदबाबपछि २५ किलोमिटरमध्ये बिहुँमा कालोपत्रे शुरु भइसकेको र यस्तै कामको प्रगति तथा मौसम राम्रो भए सदरमुकाम खण्डमा समेत केही हप्तामै कालोपत्रे शुरु गर्ने उद्देश्य छ", शर्माले भन्नुभयो, "निर्माण व्यवसायलाई काम गर्ने अन्तिम मौकापछि कामले कोरोना महामारीका बीच तीब्रता पाएको छ ।" उपल्लो खण्डमा छ किलोमिटर सडक कालोपत्रेका लागि तयार समेत भइसकेको छ ।

असारसम्म २५ किलोमिटर सडकमा आधा सडक कालोपत्रे गरिसक्ने योजना रहेको लोकमार्ग आयोजना कार्यालयका प्रमुख मेघराज मरासिनीले बताउनुभयो । अहिले सदरमुकाम खण्ड र बिहुँ खण्डको दुबै क्रसरले धमाधम कच्चा सामग्री उत्पादन गरिरहेका छन् भने केही कच्चा सामग्री ओढारचौरबाट ल्याइएको छ । बागलुङ खण्डमा १४२ किलोमिटर सडकमध्ये दुर्गममा कालोपत्रे भइसकेको छ भने सुगममा बाँकी छ । अहिले जम्मा ४६ किलोमिटर मात्रै सडक कालोपत्रे गर्न बाँकी छ । बागलुङ बजारदेखि अछेतेसम्मको आठ किलोमिटर र बिहुँ घोडाबाँधेको नौ किलोमिटर सडक असारसम्म कालोपत्रे गर्ने आयोजनाको लक्ष्य छ। उपल्लाचौरदेखि अक्षेते-बिहुँ खण्ड २०७३माघ१४गतेभारत/सिद्धिसाई जेभीले १३ किलोमिटर र बिहुँ घोडाबाधे खण्ड २०७२ माघ १० गते एमपी/एससिएफ/इसिसी जेभीले १२ किलोमिटर सडक दुई वर्षमा सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता गरिएको थियो ।

# बोलपत्र नपरेपछि वडा कार्यालयमार्फत नदीजन्य पदार्थ उत्खनन

पोखरापत्र संवाददाता
मनाङ, २४ जेठ

ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि पटकपटक सूचना प्रकाशित गर्दा पनि बोलपत्र नपरेपछि मनाङ डिस्याङ गाउँपालिका-६ कार्यालयले सङ्कलनको अनुमति दिएको छ ।

चालु आर्थिक वर्षमा दुईपटक सूचना प्रकाशित गर्दासमेत बोलपत्र नपरेपछि गाउँपालिकाले सम्पूर्ण प्रक्रिया पूरा गरी वडा कार्यालयलाई उत्खननको अनुमति दिएको हो । गाउँपालिकाले २०७७ माघ २६ र फागुन २८ गते सूचना प्रकाशित गरे पनि कुनै कम्पनीको बोलपत्र परेको थिएन । पटकपटक सूचना प्रकाशन गर्दा कसैको बोलपत्र नपरेपछि वडा कार्यालयलाई गण्डकी प्रदेशसभाले पारित गरेअनुरुपको दरमा नदीजन्य पदार्थ उत्खननको अनुमति दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपक ढकालले जानकारी दिनुभयो ।

मनोमानी ढङ्गबाट नदीजन्य पदार्थ उत्खनन रोक्नका लागि यो माध्यम अपनाइएको गाउँपालिकाले जनाएको छ । बोलपत्र आह्वान गर्दासमेत नदीजन्य पदार्थ सङ्कलन नहुने अवस्था आएपछि गाउँपालिकाभित्रका विकास निर्माणलाई समेत आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्न नसकिएको जनाइएको हो ।

नदीजन्य पदार्थ उत्खननबाट सङ्कलित राजश्वको ४० प्रतिशत प्रदेश सरकारलाई र बाँकी ६० प्रतिशत राजश्वको ५० प्रतिशत प्रभावित क्षेत्रमा विकासका काममा लगानी गरिने बताइएको छ ।

# झ्याप्रेखोला सिँचाइ आयोजनाको नहर निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २४ जेठ

म्याग्दीको मङ्गला गाउँपालिका-३ बरंजामा झ्याप्रेखोला तल्लो भैतेनी सिँचाइ आयोजनाको ७१० मिटर नहर निर्माण भएको छ ।

खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालय म्याग्दीमार्फत गत वर्षदेखि आयोजना निर्माण शुरु भएको थियो । झ्याप्रेखोला सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष नन्दलाल कडेलले दुई वर्षको अवधिमा ७१० मिटर पक्की नहर निर्माण सकिएको जानकारी दिनुभयो । चालु आर्थिक वर्ष २०७७/७८ मा कार्यालयको रु १४ लाख ४५ हजार अनुदान र उपभोक्ताको रु एक लाख ५३ हजार श्रमदानबाट २७० मिटर नहर निर्माण भएको छ । यसैगरी मुहान संरक्षणका लागि १५ थान ग्यावियन पर्खाल निर्माण भएको छ । "गत पुस महिनामा सम्झौता गरेर असारमा सम्पन्न गर्ने लक्ष्य राखेका थियौँ", अध्यक्ष कडेलले भन्नुभयो, "हामीले वैशाखमै निर्माण सकेर अन्तिम किस्ताको भुक्तानीसमेत लिइसक्यौं ।" स्थानीय मजदुर परिचालन गरेर नहर निर्माण भएको थियो । गत आर्थिक वर्ष २०७६/७७ मा कार्यालयको रु २८ लाख अनुदान र उपभोक्ताको रु तीन लाख बराबरको श्रमदानमा ४८० मिटर नहर, मुहान र १० थान ग्यावियन पर्खाल निर्माण भएको थियो । अहिलेसम्म निर्माण भएको नहरबाट मौरेनीसम्म सिँचाइका लागि पानी चलाइएको छ । झ्याप्रे खोलामा मुहान भएको यो आयोजनाबाट १३ हेक्टर क्षेत्रफल जमीनमा सिँचाइ सुविधा पुग्ने खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालयका इञ्जीनियर बालकृष्ण बुढाथोकीले बताउनुभयो । कुल दुई हजार ५०० मिटर नहर निर्माण भएपछि आयोजनाले पूर्णता पाउनेछ ।

आगामी आर्थिक वर्षमा थप बजेट व्यवस्थापन गरेर योजनालाई पूर्णता दिन पहल गरिएको कार्यालय र उपभोक्ता समितिले जनाएका छन् । सिँचाइ सुविधा भएपछि खाद्यबालीका साथै सुन्तला, किवीलगायत फलफूल र तरकारी खेती गर्न सहज हुने स्थानीयवासी मदन सापकोटाले बताउनुभयो । नहरबाट पानी चलाइएको ठाउँमा यसपालि मध्य जेठमै धान रोपाइँ सकिएको छ । यसअघि कच्ची नहरमा थोरै स्रोतको पानी चुहावट हुने समस्या थियो । खेतीबालीमा सिँचाइ गर्न पालो कुर्नुपर्ने अवस्था थियो ।

# जोखिमका बस्ती स्थानान्तरण गर्न सिफारिस

पोखरापत्र संवाददाता
पर्वत, २४ जेठ

जिल्ला विपद् व्यवस्थापन समितिले कुश्मा नगरपालिका र जलजला गाउँपालिकाका ६ वटा बस्ती स्थानान्तरणका लागि माग गर्दै राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सिफारीश गरेको छ ।

स्थानान्तरण गर्नुपर्ने बस्तीमा कुश्मा नगरपालिका-३ दुर्लुङको ढकालबारी बस्ती, कोटघर कोट गाउँ र नुवारखोला रहेका छन् भने जलजला गाउँपालिका-४ को गौरेटे बस्ती र फर्सेलाई स्थानान्तरणका लागि सहयोग गर्न अनुरोध गर्दै सिफारिश गरिएको छ । त्यस्तै कुश्मा नगरपालिका-१२ ठुलीपोखरीको राम्चेमुनी बस्तीलाई स्थानान्तरण गर्न यसअघि नै सिफारिश गरिसकिएकाले त्यसका लागि प्राविधिक सहयोग गर्न सम्बन्धित निकायमा सिफारिश गरिएको प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले बताउनुभयो । विपद् पूर्वतयारी स्वरूप बस्ती स्थानान्तरणको पहल भएको उहाँको भनाइ छ । गएको वर्षको बाढीपहिरोका कारण पर्वतका ६ सय १ घर स्थानान्तरण तथा पुनर्निर्माणको सूचीमा परेका छन् । तीमध्ये ८५ ओटा घर अति जोखिममा रहेकाले तत्कालै व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम प्राधिकरणले बजेट निकासा गरेको थियो । तर, गण्डकी प्रदेश सरकार र स्थानीय तहको समन्वय अभावले बजेट निकासा नहुँदा प्रभावित परिवारको पुनःस्थापना बीचमै रोकिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ फुलवारी मणिपाल काहुँ धरहरा सडक खण्डको चण्डि मन्दिर बस स्टेशन निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : फुलवारी मणिपाल काहुँ धरहरा सडक खण्डको चण्डि मन्दिर बस स्टेशन निर्माण
स्थान: पोमनपा वडा नं. ११
योजना सम्झौता मिति : २०७७/११/११ गते
योजना सुरु हुने मिति: २०७७/११/१५ गते
योजना सम्पन्न मिति : २०७८/०२/२० गते
योजनाको कुल लागत : रु. ११,१८,३५५.२७ ।–
पोखरा महानगरपालिका वडा नं. ११ बाट
प्राप्त रकम : रु. १०,००,०००।–
जन सहभागितावाट : रु. १,११,१११.११ ।–

सु.इन्द्र बहादुर गुरुङ
अध्यक्ष तथा
फुलबारी मणिपाल काँहु धरहरा सडक
उपभोक्ता समिति पोखरा-११



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
वि. स. २०१३/०६/२१ गते

स्वर्गारोहण:
वि.स. २०७८/०२/१३ गते

स्व: रमेश कर्माचार्य

यस बालश्रम न्यूनिकरण कार्यक्रमका पूर्व अध्यक्ष एवं पोखराका सामाजिक व्यक्तित्व **रमेश कर्माचार्य** को ६५ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजेन्द्र कुमार लालचन
अध्यक्ष एवं
बालश्रम न्यूनिकरण कार्यक्रम/पोखरा उद्योग वाणिज्य संघ
तथा सम्पूर्ण कार्यक्रम परिवार पोखरा-४ गैह्रापटन